११. **सूचना अधिकारी र प्रमुखको नाम र पद**

प्रमुखः श्री प्रकाश पौडेल

पदः सचिव

सूचना अधिकारीः श्री अञ्जना शर्मा

पदः शाखा अधिकृत

१२. **प्रमुख उपलव्धिहरु**

**शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा**

**अनुदान रकम भुक्तानी तर्फ**

क. सामुदायिक विद्यालय मर्मत सम्भारका लागि छनौटमा परेका ८१ वटा विद्यालयका लागि मर्मत सम्भार अनुदान रकम भुक्तानी

ख. प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ समाग्री व्यवस्थापनका लागि छनौटमा परेका ४० वटा विद्यालयका लागि सिकाइ सामग्री व्यवस्थान अनुदान रकम भुक्तानी

ग. आधारभूत तहमा विज्ञान प्रयोगशाला स्थापनका लागि छनौटमा परेका २५ वटा विद्यालयका लागि प्रयोगशाला स्थापना अनुदान रकम भुक्तानी

घ. प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरु मध्ये छनौटमा परेका १० वटा विद्यालयका लागि अनुदान रकम भुक्तानी

ङ. प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरु मध्ये छनौटमा परेका २५ वटा विद्यालयका लागि सिक्दै कमाउँदै कमाउँदै सिक्दै कार्यक्रम सञ्चालन अनुदान रकम भुक्तानी

च. माध्यमिक विद्यालयमा STEM ल्याब स्थापनाका लागि छनौटमा परेका ३० वटा विद्यालयलाई ल्याब स्थापना अनुदान भुक्तानी ।

**अध्ययन, अनुसन्धान र प्रतिवेदन तयारी तर्फः**

क. विद्यालय स्तरीकरण सूचक, २०८१ तयार गरी मिति २०८१ जेठ ०३ गते तयारी समितिबाट मन्त्रालयमा हस्तान्तरण

ख. आधारभूत मानविय सीपको पाठ्यक्रम (ऐच्छिक विषय कक्षा ९-१०) विकास भई कार्यदलको तर्फबाट मिति २०८१ असार २० गते माननीय मन्त्रीज्यू समक्ष हस्तान्तरण

ग. गण्डकी प्रदेशमा सीप परिक्षणका नयाँ क्षेत्र पहिचान कार्यदलले मिति २०८१ असार ३१ गते अध्ययन प्रतिवेदन माननीय मन्त्रीज्यू समक्ष हस्तान्तरण

घ. मिति २०८१ असार २० गते विद्यालय स्तरीकरण सूचक २०८१ माननीय मन्त्रीज्यूबाट स्वीकृत

ङ. प्रादेशिक TVET प्रोफायलको प्रारम्भिक मसौदा तयारी भएको ।

च. छात्रवृत्ति निर्देशिकाहरुको अध्ययन तथा पुनरावलोकन प्रतिवेदन तयारी

**कार्यक्रम सञ्चालन तर्फ**

क. प्रदेशस्तरीय दोस्रो वृत्ति परामर्श तथा रोजगार मेला मिति २०८१ वैशाख १० देखि १२ सम्म सञ्चालन

ख. राष्ट्रिय योग्यता प्रारुपका विषयमा स्थानीय तह र नीजि क्षेत्रका लागि मिति २०८१ जेठ २७ र २८ गते अभिमुखिकरण

ग. TVET प्रोफायल विकासका लागि मिति २०८१ जेठ २५ गते स्थानीय तहहरुलाई अभिमुखिकरण सम्पन्न

घ. विद्यालय स्तरीकरण सूचक, २०८१ र Friday For future कार्यक्रम कार्यान्वयन निर्देशिका मिति २०८१ असार २५ र २६ गते सबै स्थानीय तह, सामाजिक विकास कार्यालय र शिक्षा विकास तथा समन्वय इकाइहरुलाई अभिमुखिकरण

ङ. भौचर कार्यक्रम मार्फत पूर्व सिकाइ मान्यता विधिबाट प्रदेशका २४८ जनाको सीप परिक्षण सम्पन्न ।

च. राष्ट्रिय योग्यता प्रणाली सम्बन्धि विषयमा ३६ वटा सञ्चार माध्यमबाट सूचनामूलक सामग्री प्रशारण

छ. राष्ट्रिय योग्यता प्रणाली कार्यान्वयका लागि मिति २०८१ असार १४ र १५ गते मन्त्रालय र मातहतका कर्मचारीका लागि क्षमता विकास कार्यक्रम सञ्चालन ।

**अनुगमन तर्फः**

क. विद्यालय सुधार योजना निर्माणका लागि सहजिकरण गर्न र सीप परिक्षण केन्द्र थप गर्ने सम्बन्धमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरु अनुगमन

ख. माध्यमिक विद्यालयमा सिक्दै कमाउँदै कार्यक्रम अन्तरगत

१. गाउँफर्कोदय मावि, शुक्लागण्डकी नपा तनहुँ

२. महेन्द्र मावि, पोखरा महानगरपालिका र

३. मित्रता मावि, आँबुखैरेनी गापाको अनुगमन

ग. प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन कार्यक्रम अन्तरगत

१. नविन मावि, पोखरा महानगरपालिका

**<u>उच्च शिक्षा तथा संस्कृति महाशाखा</u>**

१. मनकामना क्षेत्र विकास समिति (गठन) आदेश २०८१ निर्माण

२. गण्डकी प्रदेशको संग्रहालय नीति-२०८१ निर्माण

३. माध्यमिक शिक्षा परीक्षा (कक्षा-१०) सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०८१ निर्माण

४. सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापकीय क्षमता विकास कार्यक्रम सम्पन्न गरीएको

५. Friday for Future कार्यक्रम सञ्चालन निर्देशिका निर्माण एवम् अभिमुखिकरण गरिएको

६. यस महाशाखा अन्तर्गतका वार्षिक स्वीकृत कार्यक्रमहरु सम्पन्न गरी भुक्तानी प्रदान गरीएको

**सामाजिक विकास महाशाखातर्फ**

- सामुदायिक भवनहरुको मर्मत सम्भार अन्तर्गत विभिन्न जिल्लाका ५० वटा सामुदायिक संस्थाहरुको मर्मत संभारमा सहयोग पुगेको
- ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रम सञ्चालन अन्तर्गत प्रदेशका विभिन्न जिल्लाका ९ वटा आश्रममा आश्रित करिव ३०० जना ज्येष्ठ नागरिकहरुको दैनिक जीवनयापनमा सहयोग पुगेको ।
- हिंसापिडित महिला तथा बालबालिकाको लागि पुर्नस्थापना केन्द्रको पूर्वाधार निर्माणमा अनुदान कार्यविधिमा राय तथा सहमतिका लागि आर्थिक मामिला मन्त्रालयमा पेश भएको।
- आमासमूहहरुको सशक्तिकरण तथा संस्थागत सुदृढिकरण कार्यक्रम अन्तर्गत प्रदेशभित्रका विभिन्न जिल्लाका १९ वटा आमा समूहको संस्थागत सुदृढिकरणमा सहयोग पुगेको । करिव १००० जना महिलाहरु लाभान्वित भएका ।
- लैङ्गिक हिंसा न्यूकिरण सम्बन्धी विभिन्न सचेतनामूलक सामग्रीहरु प्रकाशन भएको ।
- न्यायमा पहुँच अभिबृद्धिका लागि महिला अधिवक्ता र तत्काल उद्धार समन्वय सञ्जालका सदस्यहरुसँग परामर्श कार्यशाला अन्तर्गत सामाजिक न्यायको क्षेत्रमा कार्यरत महिला अधिवक्ता तथा अभियान्ता समेत गरि करिव ५० जनाको सहभागितामा न्यायमा पहुँच अभिवृद्धि सम्बन्धी कार्यशाला सम्पन्न भई न्यायमा पहुँच अभिवृद्धिमा सहयोग पुगेको
- लैङ्गिक हिंसा प्रभावितहरुको लागि जिल्ला सेवा केन्द्रका पदाधिकारी तथा सामाजिक विकास कार्यालयका कर्मचारीहरुसँग अन्तरक्रिया एवं समिक्षा कार्यक्रम अन्तर्गत प्रदेशका ८ जिल्लामा संचालनमा रहेका सेवा केन्द्रहरुको समिक्षा गरिएको । जिल्ला सेवा केन्द्रबाट १०० जना भन्दा बढिले सेवा लिएका ।
- संरक्षण विषयगत क्षेत्रको प्रतिकार्य योजना अध्यावधिक तथा समिति बैठक व्यवस्थापन अन्तर्गत १ पटक बैठक सम्पन्न भएको ।
- प्रदेश बाल अधिकार समिति तथा प्रदेश बाल परिषद्का वैठकहरु संचालन हुनुका साथै बाल परिषद् पुनर्गठन भई १५ सदस्यीय नयाँ बाल परिषद गठन भएको ।

- मन्त्रालयमा रहेको अपांगता सहायता कक्ष (Help Desk) तथा सूचना केन्द्र निरन्तर संचालनमा रहेको ।
- प्रदेशस्तरमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग करिब ९५ जनाको सहभागितामा समन्वय वैठक सम्पन्न भएको । लक्षित वर्गका लागि चालु वर्षका कार्यक्रमको समिक्षा तथा आगामी वर्षका लागि अत्यावश्यक कार्यक्रमहरु तर्जुमा गरिएको
- प्रदेशस्तरीय अपाङ्गता निर्देशन समिति बैठक सञ्चालन अन्तर्गत अपाङ्गता तर्फका लक्षित कार्यक्रमहरुको वाँडफाँड तथा कार्यान्वयनमा सहजता ।
- राष्ट्रिय अपाङ्ग महासँघ गण्डकी प्रदेशसँगको समन्वयमा प्रदेशस्तरीय अपाङ्गता सूचना केन्द्र स्थापना तथा सञ्चालन अन्तर्गत गण्डकी प्रदेशका ८५ वटा स्थानीय तहहरुबाट वितरण गरिएका अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन भएको ।
- सामाजिक विकास क्षेत्रको नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा भएका ।
- अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण तथा क्षमता विकास मार्फत करिव ३०० भन्दा वढि अपाङ्गता भएका व्यक्तिहरु लाभान्वित भएका
- बालबालिका सम्बन्धी नियमावली, दलित विधेयक,दीर्घकालिन पुनर्स्थापना केन्द्र, अपाङ्गता सम्बन्धी विधेयक, सामाजिक संस्थाहरु नियमन निर्देशिकाको मस्यौदा तर्जुमा गर्नुका साथै शिशु स्याहार केन्द्र स्थापना तथा संचालन कार्यविधि मन्त्रिपरिषद्बाट स्वीकृत भएको ।
- महिला तथा बालबालिका कार्यालयबाट प्रवर्धित उत्कृष्ट महिला सहकारी संस्था पुरस्कार तथा सम्मान अन्तर्गत विभिन्न जिल्लाका उत्कृष्ट ७ वटा महिला सहकारी संस्थाहरुलाई सम्मान तथा पुरस्कार वितरण गरिएको । महिला सहकारी संस्थाहरुको सांगठनिक सुदृढिकरणमा टेवा पुगेको ।
- द्वन्द्वपिडित बेपत्ता, घाईते, अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम, व्यवसाय तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रममार्फत विभिन्न जिल्लाका ३६ जना द्वन्द्व पीडितहरुको उद्यम व्यवसाय प्रवर्द्धनमा सहयोग भएको ।
- सामाजिक कुरीति (दाईजो प्रथा, बोक्सी प्रथा, जातीय छुवाछुत, लैङ्गिक विभेद लगायत) विरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गरिएको । जसबाट करिव ३०० जना व्यक्तिहरु लाभान्वित भएका ।
- गैससद्धारा सञ्चालित कार्यक्रमहरुको सहजिकरण तथा नियमन र निर्देशिकाको मस्यौदा तर्जुमा भएको ।

- महिला डिजिटल साक्षरता एवं रुपान्तरणकारी नेतृत्व विकास कार्यक्रम मार्फत ४५ जना पत्रकारहरुमा डिजिटल साक्षरता एवम् रुपान्तरणकारी नेतृत्व विकासमा सहयोग पुगेको ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति समन्वय समिति बैठक मार्फत हरेक मन्त्रालय तथा निकायबाट सम्पादन हुने कार्यक्रमहरुलाई लैससासको दृष्टिकोणबाट गर्न अनुरोध गरिएको ।
- उत्कृष्ट महिला सहयोग कार्यक्रम मार्फत विभिन्न विधामा उत्कृष्टता हासिल गरेका १६ जना महिला हरुलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको ।
- पत्रकारहरुको क्षमता अभिवृद्धि कार्यक्रम मार्फत ४५ जना पत्रकारहरुको पेशागत दक्षता अभिवृदधिमा सहयोग पुगेको।

---

**(ग) युवा तथा खेलकुद तर्फ**

- मुस्ताङ्गको बारागुङ्ग मुक्तिक्षेत्रमा उच्च उचाइ खेलमैदानका लागि जग्गा प्राप्ति तथा डिपिआर निर्माण कार्यक्रम अन्तर्गत पूर्व सम्भाव्यता अध्ययन गरी रिपोर्ट तयार गरिएको ।
- स्थानीय तहसँगको सहकार्यमा एक स्थानीय तह एक खेलमैदान निर्माण अन्तर्गत २५ वटा खेलमैदानहरु निर्माण एवं स्तरोन्नति भएका।
- प्रदेश स्तरको क्रिकेट खेल मैदानका लागि जग्गा प्राप्तिको काम भएको र गाउँफर्कोदय क्रिकेट मैदानमा घेरावारको काम भएको।
- युवा तथा खेलकुद नीति मापदण्ड तथा निर्देशिका तयारी
- युवा उद्यम तथा स्वरोजगार कार्यक्रम अन्तर्गत प्रदेशभित्रका विभिन्न जिल्लाका ५८ जना युवा उद्यमीहरुलाई रु. १ लाखका दरले अनुदान सहयोग उपलब्ध गराईएको।
- प्रदेशभित्रका ४ जना परम्परागत पेशामा लागेका युवालाई रु. १ लाखका दरले अनुदान सहयोग उपलब्ध गराईएको।
- प्रदेशभित्रका ५ जना अपाङ्गता भएका युवालाई रु. १ लाखका दरले प्रोत्साहन रकम उपलब्ध गराईएको।
- उत्पादनशील उद्यम तथा स्वरोजगारमा लागेका प्रदेश अन्तर्गतका राष्ट्रिय तथा अन्तराष्ट्रिय युवा खेलाडीहरुलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत ६ जना खेलाडीहरुलाई रु १ लाखका दरले प्रोत्साहन रकम उपलब्ध गराईएको।
- प्रदेश अन्तर्गत विभिन्न क्षेत्रमा विशेष योगदान गरेका युवा प्रतिभा पहिचान तथा सम्मान कार्यक्रम अन्तर्गत १३ जना युवाहरुलाई ८ वटा विधामा सम्मान गरिएको।
- राष्ट्र तथा प्रदेशको गौरव राख्न सफल प्रदेशका खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन अन्तर्गत २० जना खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन कार्यक्रम सम्पन्न ।

- खेलकुद मैदान मर्मत सम्भार अन्तर्गत २० वटा खेलमैदान मर्मत सम्भारका लागि २ लाख ५० हजारका दरले रकम सूचना प्रकाशन गरी प्रस्तावहरु संकलन गरिएको ।
- गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागि खेलाडीहरुलाई प्रोत्साहन रकम दिईएको।
- युवा लक्षित प्राविधिक सीपमूलक एवं व्यवसायिक तथा उद्यमशिलता तालिम अन्तर्गत ८५ जना युवालाई सीपमूलक तालिम प्रदान गरिएको।
- युवा क्लब प्रशिक्षण र परिचालन कार्यक्रम अन्तर्गत ८ वटा जिल्ला समेटेर ४ स्थानमा कार्यक्रम सञ्चालन गरिएको।
- युवामा दुर्व्यसन र विकृतिलाई निरुत्साहित गर्न सरकारी निजी क्षेत्र र गैरसरकारी संघसंस्थालाई परिचालन गरी सचेतना तथा परामर्श कार्यक्रम अन्तर्गत २ वटा संस्थाले लागत साझेदारीमा ६ वटा जिल्लामा कार्यक्रम सम्पन्न।
- लागु औषध तथा कुलतमा लागेका युवाका लागि मनोपरामर्श तथा प्रशिक्षण कार्यक्रम अन्तर्गत ४२ जना पुर्नस्थापना केन्द्रका परामर्शकर्तालाई प्रशिक्षण प्रदान गरिएको।
- विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्ने ९ वटा संघसंस्थालाई प्रतियोगिता सञ्चालनका लागि अनुदान रकम उपलब्ध गराईएको।

**(घ) प्रशासन तथा योजना तर्फः**

- गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान नियमावली, २०७९ स्वीकृत भएको,
- गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०७९ स्वीकृत भएको,
- गण्डकी विश्वविद्यालयको तेरिज सहितको दरबन्दी स्वीकृत भएको,
- गण्डकी प्रज्ञा प्रतिष्ठान नियमावली, २०७९ स्वीकृत भएको ।

## १३. सार्वजनिक निकायको वेबसाईट भए सो को विवरण

- www.mosd.gandaki.gov.np

## १४. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग

- नभएको

## १५. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको

| सूचना मागको निवेदन संख्या | फर्छ्यौट | कैफियत |
|---|---|---|
| ५१ | ५१ | आ.व २०८०/०८१ |

## १६ . सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण

- मन्त्रालयका सूचनाहरु मन्त्रालयको सूचना पाटी, स्थानीय देखि राष्ट्रिय पत्रपत्रिकाहरु र मन्त्रालयको वेवसाईट www.mosd.gandaki.gov.np मा समेत प्रकाशन गर्ने गरिएको छ ।